# पञ्चकार्यकर्ताको मूल्याङ्कन, योग्यता निर्धारण, मनोनयन, उम्मेदवारी अनुमोदन, प्रत्याह्वान, सहवरण

२०३३

6
A

Rs 100

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय
समितिद्वारा निर्धारित

# पंचकार्यकर्ताको मूल्यांकन, योग्यता निर्धारण, उम्मेदवारी अनुमोदन, मनोनयन, प्रत्याव्हान र सहवरण

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL

-२०३३-

प्रकाशकः–
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालय
जगदम्बा भवन, पुलचोक ललितपुर ।


प्रथम संस्करण १५००० प्रति
दोस्रो संस्करण ५००० प्रति
२०३३ साल

6797

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, सिंहदरवार ।

# विषय सूची


| | पेज नं. |
|---|---|
| १. श्री ५ बाट बक्सेको सम्वोधन | क |
| २. परिचय | १ |
| ३. कार्यकर्ताको मूल्यांकन | ४ |
| ४. उम्मेदवारी अनुमोदन | १५ |
| ५. मनोनयन | १७ |
| ६. प्रत्याव्हान | २० |
| ७. सहवरण | २२ |
| ८. अनुसूचीहरू: | |
| (क) पञ्चकार्यकर्ताहरूले पेश गर्ने व्यक्तिगत विवरण | २४ |
| (ख) गाउँफर्क राष्ट्रिय अभियान समितिले तयार गर्ने | २६ |
| (ग) अनुमोदन समय तालिका | २७ |
| (घ) नेपाल राजपत्रमा प्रकाशित योग्यता निर्धारण | २८ |



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव

## श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा आयोजित राष्ट्रिय स्तरको पञ्च भेलाको विसर्जन समारोहमा बक्सेको सम्बोधन ।

अध्यक्ष र पञ्च कार्यकर्ताहरू,

१. संविधानको दोस्रो संशोधनपछि पहिलो पटक राष्ट्रिय स्तरका पञ्च कार्यकर्ताहरूले देशको राजनैतिक कार्यपरिचालनको सन्दर्भमा यसरी भेला भई विचार-विमर्श गरी निष्कर्षमा पुग्ने परम्परा बसाल्नु निश्चय पनि खुशीको कुरा हो ।

२. राष्ट्रियता र विकासलाई सर्वोपरि स्थानमा राख्ने पञ्चायत व्यवस्थाले नेपाललाई आफ्नो स्वतन्त्रता

मौलिक व्यक्तित्व कायम राख्न सघाउ पुऱ्याएको तथ्य दोहऱ्याई रहनु पर्दैन जस्तो लाग्छ । यो व्यवस्था हाम्रो राष्ट्रिय परम्परामा भिजेको नेपाली जीवनशैलीमा आधारित प्रजातान्त्रिक व्यवस्था भएकोले प्रत्येक नेपालीको व्यक्तित्वविकासमा प्रेरणाको मूल स्रोत आज आफ्नै राष्ट्र बनेको छ । दलविहीन व्यवस्थाबाट पनि कार्यकर्ताहरूमा राजनैतिक संस्कार जन्माउन सकिन्छ र उनीहरूलाई सक्रिय, अनुशासित र सुसंगठित पारेर राष्ट्रको विकास-अभियानमा अग्रसर गराई जनशक्ति परिचालन गर्न सकिन्छ भन्ने कुरा पञ्चायत व्यवस्थाले उदाहरण प्रस्तुत गरेको छ ।

३. जनताको उर्लंदो आकाँक्षा, आर्थिक अवस्था र अवसरको विषमता, ज्ञान, विज्ञान र प्रविधिको उन्नतिको साथै जनसंख्याको बढ्दो चाप र विकासका सम्भावना, आशा र निराशा आदिले गर्दा विश्वमा परिवर्तनका नयाँ नयाँ घटनाहरू घटेकै हुन्छन् । हाम्रै महादेश एशियामा घटेका घटनाहरूको विशेष महत्व नेपालका लागि हुनु स्वाभाविकै हो । यस परिस्थितिमा सुसंगठित राष्ट्रिय चेतनाको विकासको साथै दलविहीन पञ्चायत व्यवस्थाले

खोजेको न्याय, समानता र सामञ्जस्यमा आधारित आर्थिक र सामाजिक परिवर्तन तथा सुधारहरू गर्दै अघि बढे मात्र हाम्रो राष्ट्रिय स्वतन्त्रताको संरक्षण हुन सक्ने कुरा निर्विवाद छ। हामीले नबिर्सौं, बितेका इतिहासमा आइपरेका प्रत्येक संकटहरूसंग नेपालीका स्वाभिमानी पुर्खाहरूले आफ्ना वीरतापूर्ण त्याग र बलिदानको मूल्यले जोगाएर राखेको राष्ट्रको स्वतन्त्रता नै हामी नेपालीको अस्तित्व हो। हाम्रो यही अस्तित्वमा एउटा सबल र विकसित नेपाल राष्ट्रको निर्माण गर्ने सपनालाई साकार गराउन हामी कटिबद्ध छौं।

४. देशका सम्पूर्ण जनताको सामूहिक प्रयासले मात्र राष्ट्रिय विकासको आकाँक्षा पूरा हुन सक्छ। सामूहिक विकासको यस अभियानमा सर्वप्रथम जनताको प्रतिनिधि हुन अघिसर्ने प्रत्येक पञ्च कार्यकर्ताले आफू उदाहरण बनेर समाजलाई बाटो देखाउन सक्नुपर्छ। मन्त्रिपरिषद्देखि वडा समितिसम्मका व्यवस्थाका सबै तहका पञ्च कार्यकर्ताहरूले जनसेवामुखी आचार, विचार र क्रियाकलापद्वारा समाजका प्रत्येक अङ्ग र प्रशासनका प्रत्येक निकायलाई आफ्नो नैतिकता र सक्रियताले प्रभावित पार्न

सक्नुपर्छ ।

५. राजनैतिक क्रियाकलापको उद्देश्य राष्ट्रलाई सम्पूर्ण क्षेत्रमा आत्मनिर्भर बनाउने विकास हासिल गर्नु हो भन्ने कुरा पञ्चहरूले अब बुझिसकेका छन् । त्यसैले, व्यवस्थाको उच्च तहमा पुगेका पञ्च कार्यकर्ताहरूले परस्परमा छलफल गरी तयार पारेको राजनैतिक कार्यक्रमलाई सम्पूर्ण देशभरका कार्यकर्ताहरूमा फिँजाई जनताको दैलोदैलोसम्म पुगी जनपरिचालन गरेर विकासकार्यमा तीव्रता ल्याउन परेको छ । सच्चा जनसेवा नै एक मात्र देशविकासको बाटो हो भन्ने भावनाले कार्यक्रमलाई सफल पार्नु पञ्च कार्यकर्ताको प्रभावकारिता-को सही मापदण्ड हुनेछ । अन्तमा, देशको सर्वतोमुखी विकासको पुनीत काममा यस व्यवस्थाका पञ्चहरू माध्यम बन्न सदा कटिबद्ध छन् भन्ने कुरा प्रमाणित गर्न उनीहरू सफल होउन् भन्ने मेरो कामना छ ।

जय नेपाल !

## परिचय

निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको नेतृत्व सर्वमान्यरूपमा श्री ५ मा निहित रहेको र यसका मौलिक सिद्धान्तहरू निश्चितरूपले निर्धारित भइसकेकोले त्यस बारेको तर्कवितर्कमा अलमलिन नपरेको र यसको राजनीतिक, आर्थिक, सामाजिक कार्यक्रमहरू पनि विभिन्न तहका सबै कार्यकर्ताहरूको लागि निर्धारण हुने हुँदा व्यवस्थामा निष्ठावान एवम् समर्पित भई सक्रिय रहेका सम्पूर्ण कार्यकर्ताहरूको मूल्याङ्कन उनीहरूले दायित्व पूरा गरे नगरेको आधारमा निश्चित हुने व्यवस्था पनि भएको छ । संविधानको दोस्रो संशोधनले गरेको मार्ग-दर्शन तथा विकासको निमित्त राजनीतिको सन्दर्भमा राजनीतिक गतिविधि तथा क्रियाकलापमा सर्वसम्मतिको

वातावरणको सृजनामाथि विशेष जोड दिइएको छ । सबै राजनीतिक क्रियाकलापमा सर्वसम्मतिको आधार अपनाइनु उपयुक्त हुन्छ । त्यसमा पनि निर्वाचनको समयमा देखा पर्ने प्रतिद्वन्द्विताले पछि गएर कार्यकर्ताहरूमा गुटवन्दी तथा वैमनस्यको भावना नजागोस् भन्ने दृष्टिकोणले निर्वाचनमा सर्वसम्मतिको वातावरणको सृजना अनिवार्य भएको छ। उपरोक्त कुराहरूकै आधारमा तथा लोकमतकै कसौटीमा विभिन्न तहको कार्यकर्ताहरूको लागि हुने निर्वाचनमा योग्य व्यक्तिले उम्मेदवार हुन अनुमोदन पाउने व्यवस्था हुनु पर्ने स्पष्ट छ ।

व्यवस्थाप्रति समर्पित एवम् कटिबद्ध तथा सर्वाङ्गीण विकासका निमित्त सञ्चालन हुने आर्थिक, राजनीतिक तथा सामाजिक कार्यक्रमहरूमा सक्रियरूपले स्वयम् पनि संलग्न रही बढीभन्दा बढी जनसहभाग प्राप्त गराउन सक्ने पञ्चकार्यकर्ताहरूको अभावमा व्यवस्थाले परिकल्पना गरेको शोषणरहित समाजको सृजना हुन सक्ने छैन । संविधानको दोस्रो संशोधन हुँदा यो कुराले महत्व पाएको हाम्रो समक्ष प्रष्ट भइसकेको छ । यस सन्दर्भमा चरित्रवान, सक्रिय, अनुशासित तथा कटिबद्ध कार्यकर्ता-

हरू सदैव अग्रिम पंक्तिमा रहुन् र देशले उनीहरूको सेवाबाट बञ्चित रहन नपरोस् भन्ने दृष्टिले नै पञ्चकार्यकर्ताको मूल्याङ्कन, योग्यता निर्धारण, प्रत्याह्वान आदिको व्यवस्था गरिएको हो । यी व्यवस्थाहरू व्यावहारिकरूपमा पनि उत्तिकै सरल तथा स्पष्ट रहुन् भन्ने उद्देश्य अनुरूप प्रस्तुत कार्ययोजना तर्जुमा गरिएको छ ।

## कार्यकर्ताको मूल्यांकन

पञ्चकार्यकर्ताहरूले गाउँफर्कका सम्बन्धित प्रत्येक निकायमा पेश गर्नुपर्ने व्यक्तिगत विवरणमा उल्लेख गर्नुपर्ने विषयहरू :

(क) व्यवस्थामा संलग्न रहेका कार्यकर्ताहरूको २०१७ साल अघि र त्यसपछिका क्रियाकलाप प्रष्टरूपले देखिने गरी राजनीतिक पृष्ठभूमि ।

(ख) आफ्नो तथा आफ्नो परिवारको आर्थिक स्थिति यसमा देहायबमोजिमको कुरा उल्लेख हुनुपर्छः–

१. गाउँ तथा नगर तहका पञ्चायत तथा राष्ट्रिय अभियान समितिका सदस्यहरूले आफ्नो परिवारको अचल सम्पत्तिको विवरण ।

२. जिल्ला पञ्चायत तथा गा. फ. रा. अ. जिल्ला समितिका सदस्यहरूले आफ्नो परिवारको अचल सम्पत्तिको विवरण।

३. राष्ट्रिय पञ्चायतका सदस्यहरू, गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय तथा अञ्चल समितिका सदस्य-हरूले आफ्नो परिवारको चल अचल सम्पत्ति, वार्षिक आम्दानी र परिवार संख्याको विवरण।

**द्रष्टव्यः–** सम्पत्तिको विवरण दिइसकेपछि आफ्नो परि-वारको सम्पत्ति घटबढ भएमा त्यसको जानकारी अबिलम्ब दिनुपर्नेछ । परिवार भन्नाले आफ्नो नछुट्टिएको लोग्ने, स्वास्नी, छोराछोरी, आमाबाबु तथा अविवाहिता दिदी बहिनीलाई सम्झनु पर्छ ।

(ग) सम्पादन गरेका विकास कार्य ।

(घ) योग्यता : शैक्षिक तथा अन्य ।

(ङ) देश, नरेश र व्यवस्थाको निमित्त गरेको अन्य उल्लेखनीय योगदान ।

(च) आचरण : गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले तोकेको आचार संहिताको उल्लंघन गरे बापत

कारवाही भए नभएको तथा सजाय पाए नपाएको ।
(उपरोक्त विवरण उल्लेख गर्ने फारामको नमूना अनुसूची १ मा दिइएको छ )

**गाउँफर्क राष्ट्रिय अभियान समितिले विवरण संकलन गर्ने स्रोतः**

**(क) राजनीतिक स्रोत :**

१. पञ्चकार्यकर्ताले आफैंले दिएको विवरणबाट ।
२. गाउँफर्क, पञ्चायत तथा वर्गीय संगठनका विभिन्न तहका निकाय तथा कार्यकर्ताहरूबाट ।
३. पञ्चभेलाहरूबाट ।

**(ख) अन्यस्रोतः**

**द्रष्टव्यः**– विवरण संकलन गर्दा प्रत्येक शीर्षक अन्तर्गत ठोसरूपमा तथ्यसहित विवरण पठाइनु पर्नेछ । तथ्यरहित तथा गलत विवरण पठाइएमा पठाउने निकाय वा व्यक्तिहरूको अभिलेख राखिनेछ ।

**विवरणलाई अद्यावधिक बनाउँदै रहनु पर्ने :**

कार्यकर्ताहरूको बारेमा विभिन्न स्रोतहरूबाट प्राप्त विवरणहरूलाई निम्नलिखित शीर्षक अन्तर्गत राखी

अद्यावधिक बनाउँदै लग्ने :

(क) राजनीतिक गतिविधि तथा क्रियाकलाप,

(ख) आर्थिक विवरण,

(ग) विकासकार्य सम्बन्धी विवरण,

(घ) जनप्रियता,

(ङ) आचरण,

(च) अन्य ।

(उपरोक्त विवरणहरू उल्लेख गर्ने फारामको नमूना अनुसूची नं. २ मा दिइएको छ)

**द्रष्टव्यः**– संविधानको दोस्रो संशोधनपछि गाउँ-फर्कको नयाँ व्यवस्थानुसार राजनीतिक कार्य-कर्ताहरूको मूल्याङ्कन मुख्यरूपले राजनीतिक स्रोत-बाट प्राप्त विवरणकै आधारमा हुनेछ । अन्य स्रोतबाट प्राप्त विवरणहरू राजनीतिक स्रोतबाट प्राप्त विवरणको पूरकको रूपमा मात्र प्रयोग गरिनेछ ।

कार्यालयका अन्य कागजपत्रहरू सदस्य–सचिवको जिम्मा रहने भएकोले मूल्याङ्कन सम्बन्धी विवरण पनि निजकै जिम्मा गोप्यरूपमा रहने विशेष व्यवस्था मिला-ईनेछ । गाउँफर्क राष्ट्रिय अभियान समितिको बैठकमा

छलफल भएको वेला आवश्यकतानुसार सदस्यहरूले बैठकमा मात्र सो विवरण हेर्न पाउने व्यवस्था मिलाईनेछ ।

**द्रष्टव्य** :– गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति तथा राष्ट्रिय पञ्चायतका सदस्य भइसकेका वा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले केन्द्रीय-स्तर भनी निर्धारण गरेका कार्यकर्ताहरू पदमा नरहेतापनि वहाँहरूको कार्यकलापबारे जानकारी प्राप्त गरिरहने व्यवस्था केन्द्रीय समितिले मिलाउने छ ।

**विवरण संकलन हुने तरीका :**

(क) गाउँ वा नगरतहले पठाउनु पर्ने विवरण एकप्रति गा. फ. रा. अ. जिल्ला समितिलाई पठाई त्यसको बोधार्थ अञ्चल समितिलाई दिने ।

(ख) जिल्लातहले पठाउनु पर्ने विवरणको एकप्रति अञ्चल समितिलाई प्रतिक्रिया सहित पठाई बोधार्थ केन्द्रीय समतिलाई दिने ।

(ग) अञ्चल समितिमा प्राप्त भएको विवरणमा अञ्चलले आफ्नो प्रतिक्रिया सहित केन्द्रीय समितिमा पठाउने ।

पञ्चभेलाहरूमा पञ्चकार्यकर्ताले गरेको योगदान उसको क्रियाकलाप तथा राजनीतिक गतिविधिबारेमा छलफल हुने हुँदा मूल्याङ्कन सम्बन्धी त्यस्ता छलफलहरूमा सम्बन्धित कार्यकर्ताको आन्तरिक मूल्याङ्कनको विवरणबारे पनि छलफल हुनेछ। जनप्रियतासंग आन्तरिक मूल्याङ्कनको सामञ्जस्य कायम गर्न उक्त प्रक्रिया अत्यावश्यक पर्न आउँछ तर पञ्चभेलाहरूमा पञ्चकार्यकर्ताहरूको विवरणबारे छलफल हुँदा एक अर्काप्रति वैमनस्य वा एकले अर्कालाई होच्याउने जस्ता कुराहरू देखा पर्न नपाउन् भन्ने कुरामा विशेष ध्यान दिनुपर्नेछ।

आन्तरिक मूल्याङ्कनलाई जनप्रियतासंग सामञ्जस्य राख्ने उद्देश्यले आन्तरिक मूल्याङ्कनको जति भाग पञ्चभेलामा उल्लेख गर्न उपयुक्त ठानिन्छ त्यतिसम्म पञ्चभेलामा प्रस्तुत गरिनेछ। तर गैर जिम्मेवारीपूर्वक चरित्र हत्या वा व्यक्तिगत द्वेषले प्रेरित भई लाँछना लगाएको देखिएमा लाँछना लाउने व्यक्तिको अभिलेख राखिनेछ।

आन्तरिक मूल्याङ्कन र जनप्रियताबीच सामञ्जस्य नरहेको देखिएमा निम्नलिखित उपायद्वारा सामञ्जस्य

ल्याइनेछ –

(क) प्रामाणिक आधार भएमा आन्तरिक मूल्याङ्कन विवरणमा संशोधन गरेर,

(ख) कसैको अनुचित प्रभावमा परी जनभावना सहीरूपमा व्यक्त हुन नसकेको रहेछ भने त्यस्ता प्रभावको अन्त गरेर,

(ग) आवश्यक देखिएमा सम्बन्धित कार्यकर्ताबाट लिखित वा मौखिक स्पष्टीकरण पनि लिएर।

**द्रष्टव्य** :– १. साम्प्रदायिक वा अन्य कुत्सित विचारबाट रहित भएर व्यवस्थाको लक्ष्यलाई अघि बढाउने उद्देश्यले स्थानीय विकासका कार्यक्रममा जनसहभागिता प्राप्त गर्न सक्ने क्षमताको कसीमा नै जनप्रियताको परीक्षा गरिनेछ।

२. जनप्रियता र आन्तरिक मूल्याङ्कनको बीच सामञ्जस्य नहुनाको कारण आन्तरिक मूल्याङ्कनमा गलत विवरणको उल्लेख रहेछ भने त्यस्ता

विवरण दिने व्यक्ति वा निकायको
अभिलेख राखिनेछ ।

**मूल्याङ्कनका आधारहरू :**

पञ्चकार्यकर्ताहरूको मूल्याङ्कन गर्दा राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकता, राजसंस्थाप्रति पूर्ण वफादारी तथा आस्था, राष्ट्रिय स्वार्थ र व्यवस्थाका सिद्धान्तहरूको परिप्रेक्षमा निम्नाङ्कित आधारहरू अपनाइनेछ:–

(क ) **सैद्धान्तिक पक्षबारे मूल्याङ्कनका आधारहरू :**

१. पञ्चायत व्यवस्थाको प्रतिकूल कार्य भएमा विरोध गरे नगरेको ।

२. गाउँफर्क राष्ट्रिय अभियानप्रतिको मर्यादा पालन गरे नगरेको ।

३. जस्तोसुकै परिस्थितिमा पनि सैद्धान्तिक दृढता तथा निष्ठाको परिचय दिए नदिएको ।

४. वर्गीय संगठन तथा पञ्चायतका विभिन्न निकायहरूबीच सामञ्जस्य कायम गर्नु पर्ने जिम्मेवारी वहन गर्ने तहका पञ्चकार्यकर्ता-हरूले सो जिम्मेवारी पूरा गर्न सके नसकेको ।

५. व्यवस्थाको आधारभूत सिद्धान्त अरूलाई बुझाउन सक्रिय रहे नरहेको ।

**(ख) विकास कार्य सम्बन्धी मूल्याङ्कनका आधारहरू:**

१. सार्वजनिक सम्पत्तिको दुरूपयोग तथा रकमको हिनामिना गरे नगरेको ।

२. स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिए नदिएको ।

३. निर्देशित कार्यक्रमको आधारमा जनशक्ति परिचालन गरे नगरेको ।

४. श्री ५ को सरकारको नीति तथा कार्यक्रम-बारे जनसाधारणलाई बोध गराए नगराएको ।

५. स्थानीय (तह अनुसार) समस्यासंग परि-चित भई तदनुसार क्रियाकलाप गरे नगरेको ।

६. आफूबसेका निकायहरूबाट भएका निर्णय-हरूबारे आ-आफ्नो क्षेत्रमा बोध गराए नगराएको ।

७. प्रत्येक तहको निमित्त समय-समयमा गाउँफर्क राष्ट्रिय अभियानबाट निर्धारित

कार्यक्रममा सक्रिय योगदान गरे नगरेको ।

८. विभिन्न तहका निकायका लागि कानूनमा तोकिएको दायित्व पूरा गरे नगरेको ।

(ग) **व्यक्तिगत ग्राचरण सम्बन्धी मूल्याङ्कनका ग्राधार:**

१. पञ्चकार्यकर्ताले गुटबन्दी, पक्षपात, मोलाहिजा, लोभ लालच तथा, द्वेषद्वारा प्रेरित भई कार्य गरे नगरेको ।

२. डर त्रासमा नपरी निर्भीक रही ज्ञान विवेकको प्रयोग गरे नगरेको ।

३. पञ्चायत प्रणालीका सिद्धान्तहरू व्यवहारमा उतारे नउतारेको ।

४. ग्रनुचित ग्रार्थिक लाभ वा सहायता प्राप्त गरे नगरेको ।

५. व्यक्तिगत स्वार्थको लागि वादविवाद खडा गर्ने प्रवृत्ति भए नभएको ।

६. कसैमाथि पनि ग्रनुचित प्रभाव पर्ने काम गरे नगरेको ।

७. विदेशी प्रभावमा रहे नरहेको ।

८. कानूनद्वारा निषेध गरिएका जुवा, अनमेल तथा बहुविवाह, छुवाछूतको तथा मादक पदार्थ सेवन गरी सार्वजनिक जीवनमा खलल पुऱ्याउने जस्ता कुरीतिहरूको उन्मूलनमा सहयोग गरे नगरेको ।

**द्रष्टव्यः–** (क) प्राकृतिक वातावरण शुद्ध राख्ने अभियानको सिलसिलामा आफ्नो घर कम्पाउण्ड तथा सार्वजनिक स्थल सफा र सुरक्षित राख्ने सार्वजनिक सम्पत्ति दुरूपयोग गर्न नहुने आदि न्यूनतम दायित्व पूरा गरेको कुरामा मूल्याङ्कन नबढ्ने तर सो पालन नगरेमा मूल्याङ्कन घट्ने व्यवस्था मिलाई मूल्याङ्कन निर्देशिकामा यो कुरा प्रष्ट पार्नुपर्छ ।

(ख) कुनै कार्यकर्ताले राजनैतिक कार्यक्रमको कार्यान्वयनमा विशेष प्रतिभा देखाई उल्लेखनीय योगदान गरेको पाइएमा निजको मूल्याङ्कन सो अनुसार बढ्नुको साथै निजले यथोचित पुरस्कार पाउने र निजको योगदानको व्यापक प्रचार गराई अरू कार्यकर्ताले पनि त्यसबाट प्रेरणा पाउने व्यवस्था हुनुपर्छ ।

## उम्मेदवारी अनुमोदन

विभिन्न तहका पञ्चायत सदस्यहरूको निर्वाचन-भन्दा अघि गाउँफर्क राष्ट्रिय अभियान समितिले गर्नुपर्ने उम्मेदवारी अनुमोदनको सम्बन्धमा देहाय बमोजिमको प्रक्रिया मिलाउनु उचित हुन्छ–

(क) उम्मेदवारी अनुमोदनको लागि दरखास्त लिने र अनुमोदन दिने कार्यका लागि निर्धारित समय तालिका अनुसूची नं. ३ मा उल्लेख गरिएको छ। उक्त तालिका मार्गदर्शनको रूपमा राखिएको हो।

(ख) कार्यकर्ताले आफ्नो इच्छानुसार विभिन्न तहका निर्वाचनमा उम्मेदवार हुन पाउने भएकोले अनुमोदनको लागि दिइने दरखास्तपत्र सबैलाई सुलभ हुने व्यवस्था हुनुपर्छ।

(ग) अनुमोदन दिने प्रक्रिया सरल तथा सहज हुनुपर्छ।

(घ) पञ्चकार्यकर्ताको मूल्याङ्कनका आधारहरू-लाई अनुमोदनको कसौटी मानी अनुमोदन दिनुपर्छ र नपाउनेले किन अनुमोदन पाएन सम्बन्धित व्यक्तिलाई भनिदिनुपर्छ।

(ङ) अनुमोदन प्राप्त गर्न चाहने कार्यकर्ताहरूले आपसमा छलफल गरी जनभावनाको अनुरूप सर्वसम्मति कायम गर्ने वातावरणको सृजना गर्नु निजको कर्तव्य हुनेछ र त्यस्तो गर्नको निमित्त आवश्यक देखिएमा गाउँफर्कले सहयोग दिनु अनिवार्य हुनेछ।

(च) निर्वाचनको समयमा अवाञ्छित होडवाजी नहोस् भन्नाका लागि पञ्चकार्यकर्ताहरूका बीच सर्व-सम्मत कायम गराउन गाउँफर्क अभियान समितिको सक्रिय भूमिका हुनेछ। गाउँफर्कले आन्तरिक मूल्याङ्कन तथा जनभावनाको आधारमा राजनीतिकढंगबाट सम्झाई बुझाई यथासम्भव सर्वसम्मत कायम गराउने प्रवन्ध गर्नेछ।

# मनोनयन

**मनोनयनः**— कानूनमा व्यवस्था भएका पञ्चायतका विभिन्न तहका निकायहरूमा गाउँफर्क राष्ट्रिय अभियान समितिबाट सदस्य मनोनीत हुने व्यवस्था भएकोमा त्यस्ता सदस्य मनोनीत गर्ने आधारहरू देहाय बमोजिम हुनेछः—

(क) राष्ट्रको सर्वतोमुखी विकासको निमित्त देशको आर्थिक, सामाजिक तथा राजनीतिक गतिविधिमा समाजका प्रत्येक समूह तथा वर्गको सक्रिय योगदान प्राप्त हुनु वाञ्छनीय भएतापनि आर्थिक तथा सामाजिक कारणले गर्दा पिछडिएका वर्ग तथा समूहले समान अवसर पाउन सकेका छैनन् । अतः राजनीतिक क्रियाकलापमा संलग्न हुने निर्वाचनको प्रक्रियामा त्यस्ता अल्पसंख्यक तथा पिछडिएका वर्ग तथा समूहलाई मनोनयन प्रक्रिया-

द्वारा पनि सक्रिय गराउन आवश्यक भएकोले यसतर्फ विशेष ध्यान दिने ।

(ख) सम्बन्धित क्षेत्रमा रहेका समाज-सेवी-बुद्धिजीवी तथा प्रतिभाशाली व्यक्तिहरूमध्येबाट मनो-नयन गर्दा निजहरूले सम्बन्धित तहमा योगदान पुऱ्याउन सक्ने क्षमताको आधारमा प्राथमिकता दिने ।

(ग) विभिन्न तहमा मनोनयनगर्दा मनोनीत हुने व्यक्ति सम्बन्धी विवरण पहिले नै संकलन गरी राख्नु पर्छ ।

**पदाधिकारीहरूको मनोनयन** :– विभिन्न तहका पञ्चायतहरूको पदाधिकारीको निर्वाचनमा विजयी हुन २।३ बहुमत ल्याउनु पर्ने कुरा कानूनमा उल्लेख छ । पञ्चहरूले आपसी गुटबन्दीमा नलागी देशमा रहेको सीमित साधनलाई बढीभन्दा बढी विकासका लागि उपयोग गर्न सकुन भन्नाका लागि सबै तहका निकायहरूमा सक्षम तथा दरिलो र विश्वास प्राप्त नेतृत्वको आवश्यकता पर्ने स्वतः सिद्ध छ । अतः आवश्यक बहुमत ल्याउन नसकी निर्वाचित हुन नसक्ने अवस्था परेका पञ्चायतहरूमा पदाधिकारीको मनोनयन गर्दा देहायका सिद्धान्तहरू

अपनाउनु उचित हुनेछ ।

(क) प्रत्याशीहरूमध्ये अल्पमत ल्याउनेलाई मनोनीत नगर्ने ।

(ख) सामान्यतया निर्वाचनमा भाग नलिएका तर योग्य व्यक्तिलाई मनोनयन गर्ने ।

(ग) प्रत्याशीहरूमध्ये बढी मत प्राप्त गर्ने व्यक्ति नै सबभन्दा बढी योग्य रहेछ भने उसैलाई मनोनीत गर्न सकिनेछ ।

❀

## प्रत्याव्हान

कानूनमा व्यवस्था भए अनुसार प्रत्याह्वानको प्रस्तावमा स्वीकृति दिने नदिने बारेमा निर्णय लिंदा देहायका प्रक्रिया अपनाइनेछ ।

(क) कुनै पञ्चायतमा प्रत्याह्वानको प्रस्तावको कुरा उठ्ने सम्भावना छ वा उठ्न लागेको छ भन्ने थाहा पाउनासाथ गाउँफर्कको सम्बन्धित निकायले आफूभन्दा माथिल्लो तहलाई तुरून्त जानकारी दिनु पर्छ । त्यस्तो जानकारी दिँदा के कस्तो आधारमा प्रत्याह्वानको प्रस्ताव आउन लागेको हो जनभावना समेत बुझी जानकारी दिने ।

(ख) उक्त कुरा थाहा पाउनासाथ सम्बन्धित

कार्यकर्ताको आन्तरिक मूल्याङ्कनका विवरणहरू तथा निजको बारेमा प्राप्त हुन सक्ने जति सबै जानकारी संकलन गरी प्रत्याह्वानको प्रस्तावको प्रक्रिया जारी रहन दिने वा नदिने हो सो कुराको निर्णय गरी सोही अनुसार राजनीतिक क्रियाकलाप शुरू गर्नुपर्छ ।

(ग) कानून बमोजिम प्रत्याह्वानको प्रस्ताव गा. फ. का सम्बन्धित निकायमा प्राप्त भएपछि प्रस्तावमा उल्लिखित अभियोगबारे विस्तृतरूपमा जाँचबूझ गरी सम्बन्धित व्यक्तिको स्पष्टिकरण समेत लिई प्रस्तावको स्वीकृति दिने वा नदिने निर्णय दिनुपर्छ ।

(घ) गाउँफर्कको सम्बन्धित निकायले अनुचित प्रभाव तथा मोलाहिजामा परी प्रत्याह्वानको प्रस्तावमा स्वीकृति दिएको वा नदिएको देखिन आएमा सम्बन्धित निकायको पनि मूल्याङ्कन गरिनेछ ।

□

## सह्वरण

सह्वरण सम्बन्धमा कानूनमा भएकै व्यवस्था पर्याप्त देखिन्छ। सह्वरण गर्दा अपनाउनु पर्ने केही प्रक्रियाका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिनेछ।

(क) पद रिक्त रहेको निकायले सहवृत्त हुने सदस्यको लागि अनुमोदनको माँग गरेमा सम्बन्धित सदस्यमा निर्वाचित हुनसक्ने योग्यता पुगेको छ छैन हेरी योग्यता पुगेको भएमात्र अनुमोदन दिने।

(ख) रिक्त पदमा सह्वरण गर्दा तल्लो निकायमा सह्वरण गरी सकेपछि मात्र माथिल्लो निकायमा सह्वरण गर्ने।

(ग) निर्वाचनको समयमा रिक्त हुने पदहरूमा सबै तहको निर्वाचन समाप्त भइसकेपछि मात्र सहवरणको प्रक्रिया शुरू गर्ने ।

(घ) सहवरण गर्दा कारणवश सम्बन्धित पञ्चायतमा सर्वसम्मति कायम हुन सकेन भने मूल्याङ्कनको आधारमा सर्वश्रेष्ठ व्यक्तिलाई मनोनीत गर्ने ।

□

## अनुसूची नं. १

### पञ्चकार्यकर्ताहरूले पेशगर्ने व्यक्तिगत विवरण

१. नाम, थर र वतन (वडा समेत):–

२. जन्ममितिः–  ३. विवाहित वा अविवाहित

४. परिवार संख्या (उमेर तथा लिङ्ग समेत खुलाउने):–

५. योग्यता : शैक्षिक:–

अन्य:–

६. राजनीतिक पृष्ठभूमि (पद तथा काम समेत):–

(क) २०१७ साल अघि:-

(ख) २०१७ सालपछि हालसम्मको:-

७. आर्थिक स्थितिको विवरण:–

(क) अचल:–

(ख) चल:–

(ग) वार्षिक आय र स्रोत:–

८. विकास कार्य सम्बन्धी विवरण:–

(क) श्रमदान गरी:–

(ख) आर्थिक सहयोग दिई:–

(ग) कार्यक्रम स्वीकृत गराउने:–

(घ) विकास योजना तथा कार्यक्रम सम्बन्धी सुझाव:–

९. आचरण (आचार संहिताको उल्लंघन गरे नगरेको):–

१०. व्यवस्थाको हितमा गरेको उल्लेखनीय योगदान (ठोस उदाहरण):–

## अनुसूची नं. २

## गाउँफर्क राष्ट्रिय अभियन समितिले तयार गर्ने

सम्बन्धित कार्यकर्ताको नामः–

थर र वतनः–

पदः–

१. राजनीतिक गतिविधि :–

२. आर्थिक स्थिति :–

३. जनप्रियता :–

४. विकास कार्य :–

५. आचरणः–

६. अन्य :–

## अनुसूची नं. ३

## अनुमोदनको समय तालिका

| विवरण | अनुमोदनको लागि दरखास्त दिने समय | अनुमोदन दिने समय |
|---|---|---|
| १. गाउँ/नगर सभा सदस्यका लागि | माघ १–३ गतेसम्म | माघ १५–१८ गतेसम्म |
| २. गाउँ/नगर पञ्चायत सदस्यको लागि | फागुण २–३ गतेसम्म | फागुण १४–१५ गतेसम्म |
| ३. नगर पञ्चायतबाट जिल्ला सभाका लागि | फागुन ५ गते | फागुन ५ गते |
| ४. जिल्ला पञ्चायतका सदस्यका लागि | चैत्र ७–८ गतेसम्म | चैत्र १३ गते |
| ५. राष्ट्रिय पञ्चायतका सदस्यका लागि | चैत्र २२–३३ गतेसम्म | चैत्र २७–२८ गतेसम्म |

## अनुसूची नं. ४

### ( नेपाल राजपत्र भाग ४ चैत्र २ गते २०३२ मा प्रकाशित गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सूचना बमोजिम )

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले पञ्चायतको विभिन्न तहमा उम्मेदवार हुनको लागि अन्य प्रचलित कानूनमा लेखिएको योग्यताको अतिरिक्त देहाय बमोजिम आवश्यक योग्यता निर्धारण गरेको छः–

१. गाउँ वा नगर सभाको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यताः–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने, र

(ङ) भ्रष्ट आचरण नभएको ।

२. गाउँ वा नगर पञ्चायतको सदस्य तथा नगर पञ्चायतबाट जिल्ला सभामा जाने सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यता:—

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दल-विहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने,

(ङ) भ्रष्ट आचरण नभएको,

(च) आफ्नो गाउँ वा नगरको वस्तुस्थितिसँग

परिचित,

(छ) स्थानीय जनशक्तिलाई परिचालन गर्न सक्ने क्षमता भएको,

(ज) अरू सदस्यको विचार बुझी सबैसँग मेलमिलाप राखी काम गर्न सक्ने,

(झ) क्षेत्रीय साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभै सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,

(ञ) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हिनामिना नगरेको,

(ट) सामाजिक कुरीति र गुटवन्दीको विरोधमा जनमत तयार गर्न सक्ने क्षमता भएको,

(ठ) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठन मध्ये कुनै एकको सदस्य भई काम गरेको।

३. जिल्ला पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यताः–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दल-विहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्था राख्ने ,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिनसक्ने,

(ङ) भ्रष्ट आचरण नभएको,

(च) स्थानीय जनशक्तिलाई परिचालन गर्नसक्ने क्षमता भएको,

(छ) आफ्नो जिल्लाको वस्तुस्थितिसंग परिचित हुनुका साथै जिल्लास्तरीय दृष्टिकोण राख्न सक्ने,

(ज) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,

(झ) क्षेत्रीय, साम्प्रदायिक वा अन्य संकुचित

स्वार्थबाट प्रभावित नभै सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,

(ञ) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हीनामिना नगरेको,

(ट) सामाजिक कुरीति र गुटवन्दीको विरोधमा जनमत तयार गर्नसक्ने क्षमता भएको,

(ठ) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, गाउँ पञ्चायत वा नगर पञ्चायत वा नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनमध्ये कुनै एकको प्रारम्भिक कार्य समितिको वा सोदेखि माथिल्लो तहको सदस्य भै काम गरेको ।

४. राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यता:–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दल-

विहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति पूर्णआस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिनसक्ने,

(ङ) भ्रष्ट आचरण नभएको,

(च) स्थानीय जनशक्तिलाई परिचालन गर्नसक्ने क्षमता भएको,

(छ) आफ्नो अञ्चलको वस्तुस्थितिसंग परिचित हुनुका साथै राष्ट्रिय दृष्टिकोण राख्न सक्ने,

(ज) व्यवस्थाप्रति सैद्धान्तिक दृढताको परिचय दिंदै आएको,

(झ) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,

(ञ) क्षेत्रीय, साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभै सामूहिक हितलाई दृष्टिगत गरी काम गर्नसक्ने,

(ट) विकास अनुदानको रकम वा अन्य सार्वजनिक

रकमलाई निजी [illegible] स्वार्थ को [illegible]
प्रकारबाट हीनामिना नगरेको,

(ठ) सामाजिक कुरीति र गुटवन्दीको विरोधमा जनमत तयार गर्नसक्ने क्षमता भएको,

(ड) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत वा जिल्ला सभाको सदस्य वा प्रधान पञ्च वा उप-प्रधान पञ्च वा नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन तथा नेपाल भूतपूर्व सैनिक संगठनमध्ये कुनै एक जिल्लाको कार्य समिति वा सोदेखि माथिल्लो तहको सदस्य वा औद्योगिक मजदूर वा यातायात मजदूर केन्द्रीय कार्य समिति वा सो देखि माथिल्लो तहको सदस्य भै काम गरेको ।

स्पष्टीकरणः– व्यवस्थाको हितलाई विचार गर्दा उम्मेदवारी अनुमोदन गर्न उपयुक्त हुने भनी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्णय गरेको व्यक्तिको हकमा माथि निर्धारित योग्यताहरूमध्ये प्रकरण २ र ३ को खण्ड (ठ) तथा प्रकरण ४ को खण्ड (ड) मा उल्लिखित योग्यता अनिवार्य हुनेछैन ।

CENTRAL LIBRARY KTM, NEPAL 6797

मुद्रकः– श्री ५ को सरकारको छापाखाना ।

3
G